# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ मा बस्ने साजुला मिया अंसारीसमेतले वडा अध्यक्षसँगको मिलेमतोमा उमेर बढाएर ज्येष्ठ नागरिक भत्ता बुझ्दै आएकोले छानविन गरिपाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बारा पचरौता नगरपालिका वडा नं. ६ निवासी प्रतिवादीहरु साजुला मिया अंसारी, रबेया अंसारीन र उमत मिया अंसारीले ज्येष्ठ नागरिक भत्ता पाउन आफ्नो नागरिकताको वास्तविक जन्म मितिमा झुट्टा तथ्य विवरण जन्म मिति वदनियतपूर्वक राखी छेडखानी गरी सोको फोटोकपी पेश गरी भत्ता पाउन उमेर नपुगी राज्यलाई हानी नोक्सानी पुऱ्याउने नियतले जानी बुझी ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न वडा कार्यालयमा निवेदन दिई भत्ता प्राप्त गरेको देखिएकोले प्रतिवादी **साजुला मिया अंसारी** (नागरिकता प्राप्त नं. ९४२/१५७७) सामाजिक सुरक्षा लाभग्राही परिचय पत्र नं. २००७०२०३०४६९४ ले सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ताको लागि जन्म मिति २००७।०२।०३ भनी उल्लेख गरी मिति २०७८।०४।०१ मा निवेदन दर्ता गरी मिति २०७८।०५।०१ गते बाट भत्ता प्राप्त गर्न शुरु गरेको देखिएकोमा जिल्ला प्रशासन कार्यालय बारा अन्तर्गत ईलाका प्रशासन कार्यालय सिम्रौनगढ, बारामा रहेको नागरिकता प्रमाणपत्रको अभिलेख अनुसार निजको जन्म मिति २०१७ साल भएको र निर्वाचन आयोग, नेपालको मतदाताको फोटो सहितको विस्तृत विवरण अनुसार निजको जन्म मिति २०१७।०२।०३ रहेकोमा निजले उमेर ढाँटी झुट्टा विवरण पेश गरी **रु.१,४०,०००।-** भत्ता प्राप्त गरेको देखिएको, प्रतिवादी **रबेया अंसारीन** (ना.प्र.नं. ७७३-१२९७) सामाजिक सुरक्षा लाभग्राही परिचय पत्र नं. २००००२३१०३४६६ ले सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ताको लागि जन्म मिति २०००।०२।३१ उल्लेख गरी मिति २०७६।०८।१३ गते निवेदन दर्ता गरी मिति २०७७।०४।०१ गते बाट ज्येष्ठ नागरिक भत्ता प्राप्त गरेको देखिएकोमा जिल्ला प्रशासन कार्यालय बारा अन्तर्गत ईलाका प्रशासन कार्यालय सिम्रौनगढ बारामा रहेको नागरिकता प्रमाणपत्रको अभिलेख अनुसार निजको जन्म मिति २०११।२ रहेको र निर्वाचन आयोग, नेपालको मतदाताको फोटो सहितको विस्तृत विवरण अनुसार निजको जन्म मिति २०११।०२।३१ रहेकोमा निजले उमेर ढाँटी **रु.८४,०००।-** भत्ता प्राप्त गरेको देखिएको, प्रतिवादी **उमत मिया अंसारी** ना.प्र.नं. ७४५/१८२५१२५७ सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नं. २००२१२३१७६१९४ ले सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ताको लागि मिति २०७५/०७/०८ गतेमा जन्म मिति २००२/१२/३० उल्लेख गरी निवेदन दर्ता गरेको देखिएको र मिति २०७५ साल साउन महिना देखिनै भत्ता प्राप्त गर्न शुरु गरेको देखिएकोमा जिल्ला प्रशासन कार्यालय बाराको नागरिकता प्रमाणपत्रको अभिलेख अनुसार निजको मिति २०३७/०८/०४ मा वर्ष २४ को नागरिकताको आधारमा निजको जन्म मिति २०१३/०८/०४ रहेकोमा निजले उमेर ढाँटी **रु.२,५२,०००।—** भत्ता प्राप्त गरेको देखिंदा लाभग्राहीले पेश गरेको निवेदन रितपूर्वक भए/नभएको वडा कार्यालयबाट जाँच नगरी मिलेमतोमा निवेदन दर्ता गरे गराएको देखिएको, सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ६ मा नियम ५ बमोजिम दर्ता हुन आएको निवेदन उपर वडा समितिले प्रारम्भिक छानविन गर्नुपर्नेछ भन्ने व्यवस्था भएता पनि **वडा अध्यक्ष मकबुल मिया अंसारी**ले बदनियत चिताई उमेर नपुगेको व्यक्तिलाई ज्येष्ठ नागरिक भत्ता खुवाउन गैरकानूनी स्वार्थ पूरा गर्न जानी बुझी कुनै प्रकारको छानविन नगरी वडा

समितिबाट निर्णय नगराई नगरपालिकामा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यक्तिको नाम दर्ता गर्न सिफारिस गरेको, भत्ता खाने कार्ड प्रमाणित गरेको साथै हरेक वर्ष नवीकरण गर्न नहुने कुरासमेत जानी बुझी वदनियतपूर्वक सिफारिस गरेको, **वडा सचिवहरु राजाराम प्रसाद साह, पिटर थारु र संगिता घिमिरे** लगायतले केरमेट भएको नागरिकता तथा नक्कल नागरिकताको आधारमा नै गर्न नहुने काम जानी बुझी गैरकानूनी स्वार्थ सिद्ध गर्ने नियतले भत्ता प्राप्त गर्ने भनी रुजु गरेको, भत्ता प्राप्त गर्ने व्यक्तिको नाम दर्ता गर्न सिफारिस गर्न सहयोग गरेको, विद्युतीय अभिलेखमा ईन्ट्री गरी अभिलेखसमेत राखी गैरकानूनी तवरले उमेर नपुग्दै ज्येष्ठ नागरिक भत्ता बढी खाए खुवाएको पुष्टि हुन आएको हुँदा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसूर भएकोले निज प्रतिवादीहरुलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पचरौता नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष **मकबुल मिया अंसारी** | रु.४,७६,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम बिगो रु. चार लाख छयहत्तर हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | पचरौता नगरपालिका वडा नं. ६ मा कार्यरत तत्कालीन वडा सचिव **संगिता घिमिरे** | रु. १,४०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम रु. एक लाख चालीस हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा १ को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | पचरौता नगरपालिका वडा नं. ६ मा कार्यरत तत्कालीन वडा सचिव **पिटर थारु** | रु.८४,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम रु. चौरासी हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ४. | पचरौता नगरपालिका वडा नं. ६ मा कार्यरत तत्कालीन वडा सचिव **राजाराम प्रसाद साह** | रु. २,५२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम रु. दुई लाख बाउन्न हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | पचरौता नगरपालिका वडा नं. ६ निवासी **साजुला मिया अंसारी** | रु.१,४०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु. एक लाख चालीस हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिमको कैद गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ६. | पचरौता नगरपालिका वडा नं. ६ निवासी **रबेया अंसारीन** | रु.८४,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु. चौरासी हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिमको कैद गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| ७. | पचरौता नगरपालिका | रु.२,५२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको |

| | | | |
|---|---|---|---|
| | वडा नं. ६ निवासी **उमत मिया अंसारी** | | कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु. दुई लाख बाउन्न हजार) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिमको कैद सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने